# शे-फोक्सुण्डो गाउँपालिका

ཞེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྲིད་ཁབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

प.सं.२०८१।०८२(प्र.प्र.अ.)

चलानी नं. ६९

मितिः २०८२/०१/०३

ने.सं.११४५ चौलागा तृतीया

**बिषयः निर्देशन दिइएको।**

श्री पूर्वाधार विकास शाखा
(सम्पूर्ण प्राविधिक कर्मचारीहरू)
यसै कार्यालय।

उपर्युक्त सन्दर्भमा यस गाउँपालिका अन्तर्गत आ.ब.२०८१/०८२ मा संचालित योजना/कार्यक्रमहरूको हालसम्म समेत बहुसंख्यक आयोजनाहरूको निर्माण कार्य सम्पन्न हुन नसकी पूँजीगततर्फ न्यून वित्तीय प्रगति भएको अवस्था विदितै छ। आर्थिक वर्षको वर्षान्त हुन अब निकै कम समय बाँकि रहेको अवस्थामा तिव्र गतिमा छिटो भन्दा छिटो आयोजनाहरूको निर्माण कार्य सम्पन्न गराइ निर्धारित समयभित्रै भुक्तानीका प्रक्रियाहरू सम्पन्न गरिसक्नुपर्ने कानूनी बाध्यता छ। यस अगावै पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत सम्पूर्ण प्राविधिक कर्मचारीहरूलाई आ–आफ्नै छुट्टाछुट्टै फिल्ड जिम्मेवारी तोकिसकिएको छ। त्यस सम्बन्धमा देहायबमोजिम गर्न गराउन यो निर्देशन दिइएको छ।

देहायः

१. वडागत जिम्मेवारी तोकिएको फिल्ड प्राविधिकहरूले आ-आफ्नो जिम्मेवारीको कार्य क्षेत्रभित्रका आयोजनाहरूको स्विकृत लागत इस्टिमेट, ड्रइङ, डिजाइन बमोजिम ले–आउट दिने, प्रगतिको नाँप जाँच गरी नापी प्रतिवेदन उठाउने, फिल्ड निरीक्षण तथा अनुगमन गर्ने, आवश्यक नियमन गर्ने तथा यथाशिघ्र रुपमा कार्य सम्पन्न गर्ने गराउन उपभोक्ता समिति एवं निर्माण व्यवसायीहरूलाई आवश्यक निर्देशन दिने।

२. कार्य सम्पन्न भएका आयोजनाहरूको हकमा स्विकृत लागत इस्टिमेट अनुसार सम्वन्धित फिल्डमा पुगी निर्माण प्रगतिको वस्तुनिष्ठ र यथेष्ट रुपमा भविष्यमा समेत कुनै फरक नपर्ने गरी नाँप जाँच गरी गराइ प्राविधिक नापी प्रतिवेदन तयार गरी शाखा प्रमुखबाट चेक/रुजु गराई भुक्तानी प्रक्रिया अघि बढाउने।

३. क्रमागत बहुवर्षीय योजना तथा म्याद थप भएका पुराना ठेक्काहरूका हकमा उक्त आयोजनाका लागि विगतमानै Site Engineer तोकिसकिएको हुँदा तोकिएकै प्राविधिक कर्मचारीले आफ्नो फिल्ड जिम्मेवारी वहन गरी नियमानुसार गर्ने गराउने।

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

"पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे-फोक्सुण्डोको आधार
दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिबी निवारण र रोजगार"

फोन नं. ९८५८३९०११६/ Email: ito.shephoksundomun1@gmail.com / website:www.shephoksundomun.gov.np

४. आ-आफ्नो फिल्डमा संचालन हुने योजनाहरू आफ्नो प्रत्येक्ष निगरानी, रेखदेख र निर्देशनमा निर्धारित इस्टिमेट, ड्इङ, डिजाइन र स्पेशिफिकेशन अनुसार निर्धारित परिमाण र गुणस्तर कायम हुने गरी निर्माण कार्य गर्ने गराउने। आ-आफ्नो फिल्ड जिम्मेवारीमा रहेका योजनाहरूका सन्दर्भमा प्राविधिक रुपमा कुनै कमी कमजोरी र त्रुटी देखिएमा सम्बन्धित फिल्ड प्राविधिक नै जिम्मेवार हुने।

५. निर्माण कार्य गर्दा गराउँदा निर्माण व्यवसायी वा सोका प्रतिनिधि, उपभोक्ता समिति, कामदार, सम्बन्धित वडा अध्यक्ष तथा अन्य प्राविधिक कर्मचाहरु तथा जनप्रतिनिधिहरूसँग निरन्तर सम्पर्क, समन्वय र सहकार्य गर्ने।

६. निर्माणस्थलमा कुनै प्राविधिक समस्याहरू सिर्जना हुन गएमा एकापसमा सम्पूर्ण प्राविधिक कर्मचारी, शाखा प्रमुख, सम्बन्धित जनप्रतिनिधिहरू तथा सम्बद्ध पक्षहरूबीच छलफल, समन्वय र सहकार्य गरी कानून बमोजिम समाधान गर्ने।

७. वडास्तरीय अनुगमन समिति र गाउँपालिकास्तरीय अनुगमन समितिबाट आयोजनाको अनुगमन हुँदा आ-आफ्नो प्राविधिक जिम्मेवारी अनुसार सहजीकरण गर्ने।

८. विविध कारणले विदा तथा काजको कारणले आफु अनुपस्थित हुँदा आफ्नो कार्य/जिम्मेवारी वहन गर्ने कुनै वैकल्पिक प्राविधिकको स्वयं व्यवस्था गरेर मात्र नियमानुसार बिदामा बस्ने र सो सम्बन्धमा शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई लिखित जानकारी दिने।

९. आगामी असार २० गतेभित्र सबै आयोजनाहरूको निर्माण सम्पन्न गरी भुक्तानी प्रक्रिया पुरा गरिसक्ने गरी शिघ्ररुपमा निर्माणका कार्यहरू सम्पन्न गर्ने गराउने।

१०. अन्य कार्यहरु तोकिएबमोजिम नियमानुसार गर्ने गराउने।

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थः</u>

श्री अध्यक्षज्यू, शे.फो.गा.पा., डोल्पाः सादर अवगतार्थ ।

श्री उपाध्यक्षज्यू, शे.फो.गा.पा., डोल्पाः समयमै आयोजना/कार्यक्रमको अनुगमन गरी सहयोग गरिदिन हुन।

श्री वडा अध्यक्षज्यूहरू सबैः समयमै कार्यसम्पन्न गर्न गराउन आवश्यक समन्वय, सहकार्य र सहजीकरण गरि दिन हुन।

श्री विषयगत शाखाहरू (सबै): आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गर्ने।



CamScanner